
पहिचान    संघीयता    लोकतान्त्रिक समाजवाद

# लोकतान्त्रिक समाजवादी पार्टी नेपाल

## महाधिवेशन निर्वाचन निर्देशिका - २०८१



मा. महन्थ ठाकुर

चुनाव चिन्ह

**केन्द्रीय कार्यालय**

बबरमहल, काठमाडौँ

फोन नं. ०१-५३२८०४५

प्रिय साथीहरु,


लोकतान्त्रिक समाजवादी पार्टी नेपालको प्रथम केन्द्रीय महाधिवेशन आयोजना हुन गई रहेको सहर्ष जानकारी गराउँदछु ।

सबै प्रकारको उत्पिडन, विभेद, बहिष्करण तथा असमानतालाई समाप्त गर्दै एक न्यायसङ्गत समावेशी एवं समतामुलक सामाज निर्माण गर्ने मुल उद्देश्यलाई प्राप्त गर्न एक अनुशासित, व्यवस्थित एवं सुदृढ संगठनको आवश्यकतालाई बोध गर्दै जीवन्त पार्टी संगठनलाई गतिशील बनाउन आवश्यक हुन्छ । महाधिवेशन पार्टी संगठन निर्माणको मेरुदण्ड हो । यस विचारलाई आत्मसात गरी हामी लोसपा नेपालका नेता, कार्यकर्ता, समर्थक, शुभेच्छुकहरु वडा देखि केन्द्र तहसम्मको संगठनलाई सुदृढ गर्दै बैधानिक, अनुशासित एवं व्यवस्थित संगठन निर्माण गर्न प्रतिवद्ध हुँदै यस आसन्न महाधिवेशनलाई सभ्यता एवं भव्यताको साथ सफल बनाउन यो महाधिवेशन निर्देशिका-२०८१ लोसपा नेपालको अन्तरिम संशोधित विधानको परिच्छेद १ को ३(१३) बमोजिम जारी गरिएको छ ।

महन्थ ठाकुर
अध्यक्ष

**लोकतान्त्रिक समाजवादी पार्टी नेपालको प्रथम केन्द्रीय महाधिवेशनको लागि जारी गरिएको**

## महाधिवेशन निर्वाचन निर्देशिका-२०८१



१. **वडा अधिवेशन :**

(क) वडा भित्रका सम्पूर्ण साधारण सदस्यहरु वडा अधिवेशनको प्रतिनिधि हुने छन् ।

(ख) प्रत्येक ४ वर्षमा वडा अधिवेशन गरिने छ ।

(ग) वडा समितिको अध्यक्षले वडा अधिवेशनको अध्यक्षता गर्ने छ । वडा समिति कायम नरहेको अवस्थामा जेष्ठ सदस्यले अध्यक्षता गर्ने छ ।

२. **वडा अधिवेशनको काम, कर्तव्य र अधिकार :**

(क) वडा अधिवेशनले अध्यक्ष-१, उपाध्यक्ष-२, सचिव-१, सहसचिव-२, कोषाध्यक्ष-१ समेत बढीमा २१ सदस्यीय वडा समिति निर्वाचन गर्नेछ ।

(ख) वडा समितिमा ३३% महिला निर्वाचित गर्नु पर्ने छ ।

(ग) वडा भित्रका जातीय/समाजिक विशेषतालाई अधिकतम समावेश गरी समिति तथा प्रतिनिधि निर्वाचित गरीनेछ ।

(घ) वडा तहका राजनीतिक, आर्थिक एवं संगठनात्मक प्रतिवेदनहरु छलफल गरी पारित गर्ने छ ।

(ङ) पालिका अधिवेशनको लागि कम्तीमा ५ जना महिला समेत १६ जना प्रतिनिधिको निर्वाचन गर्ने छ ।

(च) वडा समितिका अध्यक्ष पालिका अधिवेशन, प्रदेशसभा निर्वाचन क्षेत्रीय अधिवेशन, प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय अधिवेशन एवं जिल्ला अधिवेशनको प्रतिनिधि हुनेछ ।

३. **पालिका अधिवेशन :-**

(क) पालिका अधिवेशन प्रत्येक ४ वर्षमा गरिनेछ ।

(ख) पालिका भित्रका प्रत्येक वडाबाट २(ङ) बमोजिम ५ जना महिला समेत १६ जना एवं २ (च) बमोजिम वडा अध्यक्षहरु पालिका अधिवेशनका प्रतिनिधि हुनेछन् ।

(ग) पालिका समितिको अध्यक्षले पालिका अधिवेशनको अध्यक्षता गर्ने छ । पालिका समिति कायम नरहेको अवस्थामा जेष्ठ सदस्यले अध्यक्षता गर्ने छ ।

४. **पालिका अधिवेशनको काम, कर्तव्य र अधिकार** :-

(क) पालिका अधिवेशनले अध्यक्ष-१, उपाध्यक्ष-२, सचिव-२, सहसचिव-३, कोषाध्यक्ष-१ समेत गाउँपालिकामा बढीमा २५ जना, नगरपालिकाको हकमा अध्यक्ष-१, उपाध्यक्ष-३, सचिव-२,सहसचिव-३, कोषाध्यक्ष-१ र प्रवक्ता-१ समेत बढीमा ३१ जना, उपमहानगरपालिकाको हकमा अध्यक्ष-१,उपाध्यक्ष-४,सचिव-३, सहसचिव-३, कोषाध्यक्ष-१ र प्रवक्ता-१ समेत बढीमा ४१ जना र महानगरपालिकाको हकमा अध्यक्ष-१, उपाध्यक्ष-५, सचिव-३, सहसचिव-४, कोषाध्यक्ष-१ र प्रवक्ता-१ समेत बढीमा ५१ सदस्यीय समितिको निर्वाचन गर्नेछ ।

(ख) समितिमा ३३% महिला निर्वाचित गर्नु पर्ने छ ।

(ग) पालिका अधिवेशले पालिका स्तरीय राजनीति, आर्थिक एवं संगठनात्मक प्रतिवेदन छलफल गरी पारित गर्ने छ ।

(घ) पालिका अधिवेशनले प्रदेश सभा निर्वाचन क्षेत्रीय अधिवेशनको लागि ३३% महिला सहित प्रत्येक वडाबाट ३/३ जना (गाउँपालिका), प्रत्येक वडाबाट ४/४ जना (नगरपालिका) एवं प्रत्येक वडाबाट ६/६ जना (महानगरपालिका/ उपमहानगरपालिका) प्रतिनिधि निर्वाचित गरीनेछ ।

(ङ) पालिका समितिका अध्यक्ष प्रदेश सभा निर्वाचन क्षेत्रीय अधिवेशन, प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय अधिवेशन, जिल्ला अधिवेशन, प्रदेश अधिवेशन एवं केन्द्रीय महाधिवेशनको लागि प्रतिनिधि हुनेछ ।

(च) पालिका भित्रका जातीय/सामाजिक विशेषतालाई अधिकतम समावेश गरी समिति तथा प्रतिनिधि निर्वाचित गरीनेछ ।

५. **प्रदेश सभा निर्वाचन क्षेत्रीय अधिवेशन :-**

(क) प्रदेश सभा निर्वाचन क्षेत्र भित्रका सम्पूर्ण पालिकाबाट ४ (घ) बमोजिमका सम्पूर्ण प्रतिनिधिहरु वडा समिति एवं पालिका समितिका अध्यक्षहरु प्रदेश सभा निर्वाचन क्षेत्रीय अधिवेशनका प्रतिनिधि हुने छन् ।

(ख) प्रत्येक ४ वर्षमा प्रदेश सभा निर्वाचन क्षेत्रीय अधिवेशन गरिनेछ ।

(ग) प्रदेश सभा निर्वाचन क्षेत्रीय समितिको अध्यक्षले प्रदेश अधिवेशनको अध्यक्षता गर्ने छ । समिति कायम नरहेको अवस्थामा जेष्ठ सदस्यले अध्यक्षता गर्ने छ ।

६. **<u>प्रदेश सभा निर्वाचन क्षेत्रीय अधिवेशनको काम कर्तव्य र अधिकार</u>** :

(क) प्रदेश सभा निर्वाचन क्षेत्रीय अधिवेशनले अध्यक्ष-१, उपाध्यक्ष-३, सचिव-२, सहसचिव-३, कोषाध्यक्ष-१ र प्रवक्ता-१ समेत बढीमा ३१ सदस्यीय समितिको निर्वाचन गर्नेछ ।

(ख) समितिमा ३३% महिला निर्वाचित गर्नु पर्नेछ ।

(ग) अधिवेशनले राजनीतिक, आर्थिक एवं संगठनात्मक प्रतिवेदन माथी छलफल गरि पारित गर्ने छ ।

(घ) प्रदेश सभा निर्वाचन क्षेत्रीय अधिवेशनले प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय अधिवेशनको लागि कम्तीमा ९ जना महिला सहित २८ जना प्रतिनिधि निर्वाचित गर्ने छ ।

(ङ) जिल्ला अधिवेशनको लागि कम्तीमा ४ जना महिला समेत १२ जना प्रतिनिधि निर्वाचित गर्नेछ ।

(च) प्रदेश अधिवेशनको लागि कम्तीमा २ जना महिला समेत ५ जना प्रतिनिधि निर्वाचित गर्नेछ ।

(छ) केन्द्रीय महाधिवेशनको लागि कम्तीमा २ जना महिला समेत ६ जना केन्द्रीय महाधिवेशन प्रतिनिधि निर्वाचित गर्नेछ ।

(ज) प्रदेश सभा निर्वाचन क्षेत्रीय समितिका अध्यक्ष, प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय अधिवेशन, जिल्ला अधिवेशन, प्रदेश अधिवेशन एवं केन्द्रीय महाधिवेशनका लागि प्रतिनिधि हुनेछ ।

(झ) प्रदेश सभा निर्वाचन क्षेत्र भित्रका जातीय/सामाजिक विशेषतालाई अधिकतम समावेश गरी समिति तथा प्रतिनिधि निर्वाचित गरिनेछ ।

७. **<u>प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय अधिवेशन :</u>**

(क) प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय अधिवेशनको लागि ६(घ), (ङ), (च), (छ) बमोजिम निर्वाचित भएका प्रतिनिधिहरु, निर्वाचन क्षेत्र भित्रका सम्पूर्ण वडाका अध्यक्षहरु, पालिका

अध्यक्षहरु तथा प्रदेश सभा निर्वाचन क्षेत्रीय अध्यक्षहरु, प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय अधिवेशनका प्रतिनिधि हुने छन् ।

(ख) भातृ संगठनबाट आएका प्रतिनिधिहरु ।

(ग) प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय अधिवेशन प्रत्येक ४ वर्षमा गरीनेछ ।

(घ) प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय समितिको अध्यक्षले प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय अधिवेशनको अध्यक्षता गर्ने छ । समिति कायम नरहेको अवस्थामा जेष्ठ सदस्यले अध्यक्षता गर्ने छ ।

८. **प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय अधिवेशनको काम, कर्तव्य र अधिकार :**

(क) प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय अधिवेशनले अध्यक्ष-१, उपाध्यक्ष-३, सचिव-२, सहसचिव-३, कोषाध्यक्ष-१ र प्रवक्ता-१ समेत बढीमा ३५ सदस्यीय समितिको निर्वाचित गर्नेछ ।

(ख) समितिमा ३३% महिला निर्वाचित गर्नु पर्नेछ ।

(ग) अधिवेशनले राजनीतिक, आर्थिक एवं संगठनात्मक प्रतिवेदन छलफलगरि पारित गर्नु पर्नेछ ।

(घ) प्रतिनिधि सभा निर्वाचन क्षेत्र भित्रका जातीय/सामाजिक विशेषतालाई अधिकतम समावेश गरी समिति तथा प्रतिनिधि निर्वाचित गरिनेछ ।

(ङ) महासमितिको लागि कम्तीमा २ जना महिला समेत ५ जना प्रतिनिधि निर्वाचित गर्ने छ ।

९. **जिल्ला अधिवेशन :**

(क) ६ (ङ), (च), (छ) र ८ (ङ) अनुसार निर्वाचित भई आएका प्रतिनिधिहरु, वडा समितिका अध्यक्षहरु, पालिका समितिका अध्यक्षहरु, प्रदेश सभा निर्वाचन क्षेत्रीय समितिका अध्यक्षहरु, प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय समितिका अध्यक्षहरु जिल्ला अधिवेशनका प्रतिनिधि हुने छन् ।

(ख) जिल्ला अधिवेशन प्रत्येक ४ वर्षमा गरिनेछ ।

(ग) जिल्ला समितिका अध्यक्षले जिल्ला अधिवेशनको अध्यक्षता गर्नेछ । समिति कायम नरहेको अवस्थामा जेष्ठ सदस्यले अध्यक्षता गर्ने छ ।

(घ) भातृ संगठनहरुबाट आएका प्रतिनिधिहरु

१०. **जिल्ला अधिवेशनको काम, कर्तव्य र अधिकार :**

(क) जिल्ला अधिवेशनले अध्यक्ष-१, उपाध्यक्ष-३, सचिव-२, सहसचिव-३, कोषाध्यक्ष-१ र प्रवक्ता-१ समेत बढीमा ५१ सदस्यीय जिल्ला समितिको निर्वाचित गर्नेछ ।

(ख) समितिमा ३३ % महिला निर्वाचित  गर्नु पर्ने छ ।

(ग) अधिवेशनले राजनीतिक, आर्थिक एवं संगठनात्मक प्रतिवेदन माथि छलफल गरी पारित गर्नु पर्ने छ ।

(घ) जिल्ला भित्रका जातीय/समाजिक विशेषतालाई अधिकतम समावेश गरी जिल्ला समिति निर्वाचित गर्ने छ ।

११. **प्रदेश अधिवेशन** :-

(क) ६ (च), (छ) र ८ (ङ) बमोजिमको सम्पूर्ण प्रतिनिधिहरु, पालिका समितिका अध्यक्षहरु, प्रदेश सभा निर्वाचन क्षेत्रीय समिति, प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय समिति एवं जिल्ला समितिका अध्यक्षहरु प्रदेश अधिवेशनका प्रतिनिधि हुने छन् ।

(ख) भातृ संगठनबाट आएका प्रतिनिधिहरु

(ग) प्रत्येक ४ वर्षमा प्रदेश अधिवेशनको आयोजना गरिनेछ ।

(घ) प्रदेश अधिवेशनको अध्यक्षता प्रदेश अध्यक्षले गर्ने छ । समिति कायम नरहेको अवस्थामा जेष्ठ सदस्यले अध्यक्षता गर्ने छ ।

१२. **प्रदेश अधिवेशनको काम, कर्तव्य र अधिकार :**

(क) प्रदेश अधिवेशनले अध्यक्ष-१, उपाध्यक्ष-७, मुख्य सचिव -१, सचिव-७, कोषाध्यक्ष-१ समेत बढीमा १५१ सदस्यीय प्रदेश समितिको निर्वाचित गर्नेछ ।

(ख) समितिमा ३३% महिला निर्वाचित गर्नु पर्नेछ ।

(ग) अधिवेशनले राजनीतिक, आर्थिक एवं संगठनात्मक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने छ ।

(घ) प्रदेश भित्रका जातीय/सामाजिक विशेषतालाई अधिकतम समावेश गरी समिति तथा प्रतिनिधि निर्वाचित गरिने छ ।

१३. **केन्द्रीय महाधिवेशन :**

(क) केन्द्रीय महाधिवेशन प्रत्येक ५ वर्षमा गरिनेछ ।

(ख) ६(छ) बमोजिमका प्रतिनिधिहरु, पालिका समितिका अध्यक्षहरु, प्रदेश सभा निर्वाचन क्षेत्रीय समिति, प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय समिति, जिल्ला समिति एवं प्रदेश समितिका अध्यक्षहरु महाधिवेशन प्रतिनिधि हुने छन् ।

(ग) भातृ संगठनहरुबाट चयन भई आएका महाधिवेशन प्रतिनिधिहरु ।

(घ) केन्द्रीय अध्यक्षद्वारा मनोनयन भएका महाविधवेशन प्रतिनिधिहरु हुने छन् ।

(ङ) महासमिति सदस्यहरु प्रतिनिधि हुने छन् ।

(च) केन्द्रीय महाधिवेशनको अध्यक्षता केन्द्रीय अध्यक्षले गर्ने छ ।

१४. **निर्वाचन समिति :**

(क) केन्द्रीय महाधिवेशनको लागि केन्द्रीय समितिले ५ सदस्यीय निर्वाचन समिति गठन गर्ने छ ।

(ख) प्रदेश अधिवेशनको लागि केन्द्रीय समितिले ५ सदस्यीय निर्वाचन समिति गठन गर्ने छ ।

(ग) जिल्ला अधिवेशनको लागि प्रदेश समितिले ३ सदस्यीय निर्वाचन समिति गठन गर्नेछ।

(घ) प्रदेश समिति न भएको अवस्थामा केन्द्रीय समितिले नै ३ सदस्यीय निर्वाचन समिति गठन गर्ने छ ।

(ङ) प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय अधिवेशनको लागि जिल्ला समितिले ३ सदस्यीय निर्वाचन समिति गठन गर्ने छ ।

(च) प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय समितिले प्रदेश सभा निर्वाचन क्षेत्रीय अधिवेशन र पालिका अधिवेशनका लागि ३-३ सदस्यीय निर्वाचन समिति गठन गर्ने छ ।

(छ) प्रदेश सभा निर्वाचन समितिले वडा अधिवेशनको लागि ३ सदस्यीय निर्वाचन समिति गठन गर्ने छ ।

(ज) पालिका, प्रदेश सभा निर्वाचन क्षेत्रीय अधिवेशन, प्रतिनिधि सभा निर्वाचन क्षेत्रीय अधिवेशन, जिल्ला अधिवेशन, प्रदेश अधिवेशन तथा केन्द्रीय महाधिवेशनका प्रतिनिधिहरुको नामावली सम्बन्धित निर्वाचन समितिमा कम्तीमा २४ घण्टा पहिले दिनु पर्ने छ ।

(झ) केन्द्रीय निर्वाचन समितिले सबै तहको निर्वाचन समितिहरुसँग समन्वय, अनुगमन तथा सहकार्य गर्ने छ ।

१५. <u>**भातृ संगठन प्रतिनिधि**</u> :

(क) प्रतिनिधि सभा निर्वाचन क्षेत्रमा गठन भई अधिवेशन गरेका/ सक्रिय रहेका भातृ संगठनहरुले प्रतिनिधि सभा निर्वाचन क्षेत्र अधिवेशनको लागि ५ जना प्रतिनिधि निर्वाचित गर्ने छ ।

(ख) जिल्लामा गठन भई अधिवेशन गरेका / सक्रिय रहेका भातृ संगठनहरुले जिल्ला अधिवेशनको लागि ५ जना प्रतिनिधि निर्वाचित गर्ने छ ।

(ग) प्रदेशमा गठन भई अधिवेशन गरेको/ सक्रिय रहेको भातृ संगठनहरुले प्रदेश अधिवेशनको लागि ७ (सात) जना प्रतिनिधि निर्वाचित गर्ने छ ।

(घ) केन्द्रमा गठन भई महाधिवेशन गरेको /सक्रिय रहेको भातृ संगठनहरुले केन्द्रीय महाधिवेशनको लागि ७ (सात) जना प्रतिनिधि निर्वाचित गर्ने छ ।

१६. निर्वाचन समिति गठन गर्दा लोकतान्त्रिक शिक्षक संघ, लोकतान्त्रिक प्राध्यापक संघ, लोकतान्त्रिक बुद्धिजीवी संघ, लोकतान्त्रिक कानून व्यवसायी संघ, सेवा निवृत शिक्षक तथा कर्मचारीहरु मध्ये निर्वाचन समिति गठन गर्नु पर्ने छ ।

१७. वडा, पालिका र प्रदेश सभा निर्वाचन क्षेत्रीय अधिवेशनमा उम्मेदवार हुनको लागि प्रस्तावक १ जना, सर्मथक १ जना हुनु पर्ने छ ।

१८. प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन एवं जिल्ला अधिवेशनमा उम्मेदवार हुनको लागि प्रस्तावक २ जना, सर्मथक २ जना हुनु पर्ने छ ।

१९. प्रदेश अधिवेशनमा उम्मेदवार हुनको लागि प्रस्तावक ३ जना, सर्मथक ३ जना हुनु पर्नेछ ।

२०. उम्मेदवार, प्रस्तावक एवं सर्मथक सम्बन्धीत अधिवेशनको प्रतिनिधि हुनु पर्ने छ ।

२१. उम्मेदवारले अनुसूची-१ बमोजिमको फारममा मनोनयन गर्नु पर्ने छ ।

२२. निर्वाचन अधिकृतले अनुसूची-२ बमोजिमको ढाँचामा निर्वाचित/मनोनित पदाधिकारीलाई प्रमाण-पत्र दिनु पर्ने छ ।

२३. अधिवेशन गर्ने गराउने बखत कुनै वैधानीक जटिलता उत्पन्न भएमा केन्द्रीय निर्वाचन समितिको निर्णय अन्तिम हुने छ ।

अनुसूची-१

उम्मेदवारीको मनोनयन-पत्र

श्री निर्वाचन अधिकृत ज्यू
.............................. जिल्ला
महोदय,

म............................................लोसपा नेपालको ....................................

अधिवेशनको ...........................पदका लागि आफूलाई योग्य ठानी आवश्यक प्रस्तावक र समर्थक सहित यो उम्मेदवारी प्रस्तुत गरेको/गरेकी छु ।

हस्ताक्षर

प्रस्तावक समर्थक

| **नाम** | **मतदाता क्र.स.** | **हस्ताक्षर** | **नाम** | **मतदाता क्र.स.** | **हस्ताक्षर** |
|---|---|---|---|---|---|
| १.<br>२.<br>३.<br>४.<br>५. | | | १.<br>२.<br>३.<br>४.<br>५. | | |

---

उम्मेदवारको विवरण

नाम, थर :..............................................मतदाता क्र.स........................

ठेगाना : ..............................................................................................

सर्म्पक फोन :

अनुसूची -२

लोकतान्त्रिक समाजवादी पार्टी नेपाल

निर्वाचन समिति

.................जिल्ला

श्री .............................. जी यस जिल्लाको लोकतान्त्रिक समाजवादी पार्टी नेपालको ..................................................... पदमा निर्वाचत /मनोनित हुनु भएको यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

निर्वाचन अधिकृत